खैरहनी नगरपालिका

# बालसंरक्षण कोष (स्थापना तथा सञ्चालन) कार्यविधि,२०७८

खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश

**प्रमाणीकरण गर्ने**

**लालमणी चौधरी 'प्रमुख'**

**मिति :** २०७८/ १२ /१८

## खैरहनी नगरपालिकाको

# बालसंरक्षण कोष (स्थापना तथा सञ्चालन) कार्यविधि, २०७८

विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनस्थापना गराउनका लागि एक बालकोषको स्थापना गर्न वान्छनीय भएकोले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम खैरहनी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. कोषको नाम र प्रारम्भ :** (क) यस कार्यविधिको नाम खैरहनी नगरपालिकाको "बालसंरक्षण कोष (स्थापना तथा सञ्चालन) कार्यविधि २०७८" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाको बैठकबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखी प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले संघीय संसदले बनाएको बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

(ख) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ४८ बमोजिमका बालबालिका सम्झनु पर्दछ । यस शब्दले नगर कार्यपालिकाले विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकीएको अन्य बालबालिकालाई समेत सम्झनु पर्नेछ ।

**३. कोषको स्थापना :**

(१) नगरपालिका क्षेत्रभित्र विशेष संरक्षणका आवश्यकता भएका बालबालिकालाई उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनस्थापना गराउने काम समेतका लागि एक बालउद्धार कोषको स्थापना गरिएको गरिनेछ ।

(२) यस कोषमा देहाय बमोजिमका रकमहरु जम्मा हुन सक्नेछन् ।
- (क) संघिय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट प्राप्त रकम,
- (ख) विदेशी सरकार, अन्तराष्ट्रिय संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,
- (ग) स्वदेशी संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,
- (घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम,

(३) विदेशी सरकार, अन्तराष्ट्रिय संघसंस्था वा व्यक्तिबाट रकम प्राप्त गर्न प्रचलित कानून बमोजिम स्वीकृती लिनु पर्नेछ ।

**४. कोषको उपयोग : यस कोषमा रहेको रकम देहाय बमोजिमका कार्यमा खर्च गर्न सकिनेछ,**

- (क) बिशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न, उद्धार गर्न, अस्थायी संरक्षण गर्न,
- (ख) बिशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालिन अवस्थामा रहेका बालबालिकाहरुलाई राहत, स्वास्थ उपचार, मनोसामाजिक विमर्श, कानूनी उपचार तथा छात्रवृत्तिमा सहयोग गर्न,
- (ग) बिशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको परिवार खोजी गरि पुनर्मिलन तथा पुनस्थापना गर्न,
- (घ) बालअधिकारको बारेमा; सचेतना जगाउन,
- (ङ) महिला बालबालिका पुनस्थापनाको क्षेत्रमा काम गरिरहेका; संघ संस्थाहरुसंग सम्झौता गरी अस्थायी संरक्षणको लागि उद्धार गरिएका बालबालिकालाई ५ दिन देखी ७ दिनसम्म संरक्षण गर्न ।
  यस खण्डमा जुनसुकै कुरा लेखिएको भएतापनि परिस्थितिको गाम्भिर्यतालाई मध्यनजर गरी दफा ६ बमोजिमको समितिले निर्णय गरी यस खण्ड बमोजिमको समयमा बढीमा पाँच दिनसम्म समयाबधी थप गर्न सक्नेछ ।
- (च) खण्ड (क) देखी (ङ) सम्म उल्लेखित कार्यसंग सम्बन्धित अन्य आवश्यक कार्य गर्न,

**५. कोषको रकम उपयोग गर्न नपाइने :**

कोष सञ्चालक समितिको बैठक भत्ता, खाजा, भ्रमण खर्च, मसलन्द, छपाइ, पत्रपत्रिका, विज्ञापन लगाएतका कुनै पनि प्रशासकिय कार्यका निमित्त कोषको रकम खर्च गर्न पाइने छैन ।

यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि विशेष संरक्षणमा रहेका बालबालिका बिरामी परी उपचार गराउन जिल्ला बाहिर लैजानु पर्ने भई नगरपालिकाको तर्फबाट साथमा खटिई जाने एक जना स्वाध्यकर्मीको बढीमा पाँच दिनसम्मको दैनिक भ्रमण भत्ता रकम खर्च लेख्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

**६. समितिको गठन:**

कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने कामका लागि खैरहनी नगरपालिका बालकोष स्थापना तथा सञ्चालनका लागि तपसिल बमोजिमको समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | नगर उप-प्रमुख | - अध्यक्ष |
| (ख) | प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| (ग) | सामाजिक विकास समितिको संयोजक | - सदस्य |
| (घ) | नगर प्रमुखले तोकेको कार्यपालिकाको सदस्य कम्तिमा एक महिला सहित दुइ जना | - सदस्य |
| (ङ) | लेखा शाखा प्रमुख | - सदस्य |
| (च) | नगरपालिका भित्र कार्यरत महिला/बालबालिकाको क्षेत्रमा काम गर्ने संघ/संस्थाको प्रतिनिधी एक जना | - सदस्य |
| (छ) | नगर क्षेत्रभित्रको प्रहरी कार्यालयको प्रमुख | - सदस्य |
| (ज) | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख | - सदस्य सचिब |

**७. समितिको काम, कर्तव्य, अधिकार :** बालसंरक्षण कोष स्थापना तथा सञ्चालन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) तत्कालिन समयमा नगरपालिका क्षेत्रभित्र आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका बालबालिका समिति, गाउँ संरक्षण समिति र वडा बालसंरक्षणका नाममा रहेका, बाल उद्धार कोषको नाममा रहेका सबै कोषको रकम खोजबीन गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने गराउने,

(ख) कोष वृद्धिको लागी स्रोतको खोजी गर्ने, आवश्यक तथा प्रवर्द्धधनात्मक कियाकलापहरु सञ्चालन गर्ने ।

(ग) कोषको रकम संरक्षण गर्ने ।

(घ) दफा ४ बमोजिम कोषको रकम उपयोग गर्ने ।

(ङ) कोषको रहेको रकम खर्च वा वितरण सम्बन्धी कार्य गर्ने ।

(च) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको क्षेत्रमा काम गरिरहेका वा काम गर्न इच्छुक संघ/संस्था वा व्यक्तिसंग समन्वय गर्ने ।

(छ) कोषको आय व्यायको विवरण, लेखा परीक्षण प्रतिवेदन वार्षिक रुपमा कार्यपालिका बैठकमा पेश गर्ने ।

(ज) समितिबाट गरिने कामको अनुगमन गर्ने/गराउने ।

(झ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको निमित्त आवश्यक अन्य उपयुक्त कार्य गर्ने/गराउने ।

**८. समितिको बैठक र निर्णय :**

(१) कोष स्थापना तथा सञ्चालन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ, अध्यक्षको अनुपस्थितिमा सामाजिक विकास समितिको संयोजकले गर्नेछ ।

(४) समितिले सर्वसम्मतका आधारमा निर्णय गर्नेछ । सर्वसम्मत नभएमा बहुमतको निर्णयलाइ समितिको निर्णय मानिनेछ । सदस्यहरुको मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) समितिको आवश्यकता अनुसार कुनै व्यक्तिलाइ समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(६) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

**९. सहयोग सम्बन्धी मापदण्ड :**

(१) नगरपालिका क्षेत्रभित्र विशेष संरक्षणको आवश्यकता भएको बालबालिका छन् भनि कोहि कसैले समिति समक्ष रितपूर्वकको निवेदन दिन सक्नेछ ।

(२) निवेदन प्राप्त भए पछि समितिले आवश्यक सोधपुछ गरि यर्थाथ विवरण पत्ता लगाउने छ ।

(३) खण्ड (ख) बमोजिम बिशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाइ सहयोग आवश्यक छ भन्ने पत्ता लागेपछि समितिको बैठक बसी त्यस्ता बालबालिकाको निमित्त देहाय बमोजिमको आर्थिक सहयोगको निर्णय गर्न सक्नेछ ।

(क) कोषबाट एक पटकमा बढिमा रु.१०,०००।-(दश हजार) सम्म सहयोग गर्न ।

(ख) सहयोग रकम सम्भव भएसम्म चेक मार्फत भुक्तानी दिनुपर्नेछ ।

(ग) कोषबाट सामान्यत : एक जनालाइ एकपटक मात्र सहयोग गरिनेछ । तर बिशेष स्थितिमा समितिले निर्णय गरी एक पटक बढीमा रु.१०,०००।-(दश हजार) सम्म थप सहयोग गर्न सक्नेछ ।

(घ) बिशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्धार, संरक्षण वा उपचार नगरेमा मानविय क्षति वा गम्भिर परिणाम आउने देखिएमा सदस्य सचिबको सिफारिसमा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतको राय लिई कोषबाट तत्काल सम्बन्धित बालबालिकाको निमित्त बढीमा दश हजारसम्म उपलब्ध गराउन सक्नेछ ।

(ङ) खण्ड (घ) बमोजिम रकम उपलब्ध गराइएकोमा त्यस पछि बस्ने समितिको बैठकबाट सो खर्च अनुमोदन गराउनु पर्नेछ ।

(च) समितिले बिशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार, अस्थायी संरक्षण, स्वास्थ उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलनका निमित्त आर्थिक सहयोग बाहेकका अन्य कार्यक्रमका निमित्त अलग्गै मापदण्ड बनाउन सक्नेछ ।

**१०. कोषको खाता सञ्चालन** :

बालसंरक्षण कोषको रकम नगरपालिकाको नाममा छुट्टै कोष खाता खोली जम्मा गर्नुपर्नेछ र बैक खाताको सञ्चालन प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**११. कोषको लेखा र लेखा परिक्षण :**

कोषको आय व्ययको लेखा व्यवस्थापन तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

**१२. रकम फ्रिज नहुने** :

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक वर्षको अन्त्यसम्म खर्च नभइ बाकी रहेको कोषको रकम फ्रिज हुनेछैन ।

**१३. अभिलेख राख्ने:**

समितिले आफुले गरेको काम कारवाहिको अभिलेख दुरुस्त राख्नुपर्नेछ ।

**१४. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछन् ।

**१५. कार्यविधिमा संशोधन** : यस कार्यविधिमा संशोधन गर्नु परेमा कोष स्थापना तथा सञ्चालन समितिको सिफारिशमा कार्यपालिकाले आवश्यक संशोधन गर्नेछ ।